# नौगाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

होपरीगाड, दार्चुला

सुदूरपश्चिम प्रदेश ,नेपाल

# आर्थिक वर्ष २०८०।०८१ को

# वार्षिक प्रगति समीक्षा प्रतिवेदन

<u>प्रतिवेदन तयार गर्ने</u>


**योजना तथा अनुगमन शाखा**

**नौगाड गाउँ कार्यपालिकाको कार्यालय**

होपरीगाड, दार्चुला

## नौगाड गाउँपालिकाको प्रशासनिक नक्सा

Map of Naugad Rural Municipality




सम्पर्कः

फोन नं. 9858784584

Website: naugadmun.gov.np

Email: info@naugadmun.gov.np naugaad@gmail.com

Facebook Page: www.facebook.com/naugadrm

विषय सूचि

१. परिचयः ---------- १
२. पृष्ठभूमिः ---------- १
३. उद्देश्यः ---------- २
४. सहभागिता ---------- २
५. विधिः ---------- २
६. सिमाः ---------- ३
७. आर्थिक वर्ष २०८०।०८१ वार्षिक प्रगति तथा उपलब्धिको स्थितिः ---------- ३
८. आर्थिक वर्षको २०८०।०८१ आर्थिक प्रशासन सम्बन्धी प्रगति तथा उपलब्धिः ---------- ३
क. कृषि, खाद्य सुरक्षा र सिंचाइ क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ---------- ९
ख. पशुपंक्षी विकास क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ---------- १०
ग. पर्यटन तथा संस्कृति क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ----------११
घ. उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ----------११
ङ. भूमि व्यवस्था, बैंक, वित्तीय तथा सहकारी क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ----------१२
च. श्रम, रोजगारी तथा गरिबी निवारण क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः----------१२
छ. स्वास्थ्य तथा पोषण क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः----------१२
ज. शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः----------१३
झ. खानेपानी, सरसरफाई तथा स्वच्छता क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः---------- १४
ञ. महिला, बालबालिका तथा लक्षित वर्ग क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ---------- १४
ट. युवा तथा खेलकुद क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ----------१५
ठ. आवास, भवन तथा शहरी विकास क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ----------१५
ड. सडक, पुल तथा यातायात क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः----------१५
ढ. जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ----------१६
ण. सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः----------१६
त. वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः----------१६
थ. ----------वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः१७
द. विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ------ १८
ध. स्थानीय नीति, कानून, न्याय तथा सुशासन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः---------- १८
न. संगठन, मानव संशाधन र सेवा प्रवाह क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः---------- २०
ऩ. राजस्व तथा स्रोत परिचालन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः ----------२१
प. तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः----------२१
९. पालिकामा विकासका सम्भावनाहरुः ----------२१
१०. चुनौति तथा सिकाईः ----------२३
११. सुझाव तथा निष्कर्षः ---------- २४
अनुसूची-१---------- २५

१. परिचयः

नेपाल राज्यको पुनः संरचना सँगै नेपालको सुदुरश्चिम प्रदेश अर्न्तगत दार्चुला जिल्लामा -साबिकका इयरकोट, खार, सिप्टी र धुलिगडा गरि ४ वटा गा.वि.स. हरुलाई समायोजन गरेर ६ वटा वडाहरु रहेको नौगाड गाउँ पालिका मिति २०७३११/२५ गते घोषणा भएको गाउँ पालिका हो । यस गाउँ पालिकाको पुर्वमा मार्मा र अपि हिमाल गाउँ पालिका, पश्चिममा महाकाली नगरपालिका र दुहुँ गाउँपालिका, उत्तरमा दुहुँ र ब्याँस गाउँ पालिका, र दक्षिणमा शैल्य शिखर नगरपालिका सँग सिमाना जोडिएको छ । कुल १८०.२७ वर्ग कि.मि. क्षेत्रफलमा ओगटेको यस गाउँ पालिकाको जम्मा जनसंख्या १५,५२८ रहेको छ । जसमध्ये पुरुष ७४९८ (४८.३० % ) र महिला ८०३० जना (५१.७० %) रहेको छ ।

२. पृष्ठभूमिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय निकायले आ.व. २०८०।८१ मा सम्पन्न गरेका आयोजना, योजना तथा कार्यक्रमहरूको समिक्षा तथा मूल्यांकन गर्नुपर्ने व्यवस्था गरेको छ । समीक्षा देहाय बमोजिम गरिएको सम्वन्धमा समय समयमा आयोजनाहरूको प्रगति, प्रभाव, मर्मत सभार, लाभान्वित समुदायको किसिम र परिमाण, उत्पादन, रोजगारी तथा वातावरणमा परेको प्रभाव समेतको मुल्याङ्कन गरी गाउँ कार्यपालिकाको नियमित बैठकमा समीक्षा गर्ने र समीक्षा बैठकमा सरकारी, गैह्रसरकारी र दातृ संस्थाका प्रतिनिधिहरूलाई समेत सहभागिता गराई आ—आफ्नो क्षेत्रबाट संचालित वडा स्तरीय तथा पालिका स्तरीय कार्यक्रमहरूको प्रगति विवरण सहित समीक्षाका लागी आमन्त्रण गर्नुपर्ने व्यवस्था उल्लेख भएको छ भने उक्त समीक्षा बैठकमा प्राप्त सुझाव समेत राखि त्यसको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने र त्यस्तो प्रतिवेदन संघिय तथा प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने साथै आफ्नो क्षेत्रभित्र आयोजना वा कार्यक्रममा कुनै किसिमको अनियमितता भएको जानकारी हुन आएमा नौगाड गाउँपालिकाले पारदर्शिता कायम गर्न आवश्यक पहल गर्ने वा कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने व्यहोरा उल्लेख भएको छ ।

नौगाड गाउँ कार्यपालिकाले यसै सन्दर्भमा नौगाड गाउँपालिकाका सरोकारवालाहरूको माझ गाउँपालिकामा सरकारी तथा गैरसरकारी निकाय, विभिन्न कार्यक्रम मार्फत सञ्चालित कार्यक्रमहरूको अनुगमन, पारदर्शिता सम्बन्धी भएका क्रियाकलाप, सञ्चालित कार्यक्रमको प्रभाव, आ.व. २०८०।८१ मा भएका उल्लेखनीय कार्य र नौगाड गाउँपालिकाको समग्र विकासमा प्रभाव पार्न सक्ने सम्भाव्यता सम्बन्धमा सरोकारवालाहरूसंग छलफल गर्ने मुख्य उद्देश्यले वार्षिक प्रगति समीक्षा प्रतिवेदन प्रस्तुत गरिएको छ । वार्षिक प्रगति समीक्षा प्रतिवेदनमा समावेश भएका विषयवस्तुहरू पालिकाका विषयगत शाखाहरूले तयार

पारेको प्रगति प्रतिवेदनहरूको विश्लेषण र छलफलको आधारमा संक्षिप्त प्रतिवेदन तथा विस्तृत प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको छ ।

## ३. उद्देश्यः

प्रगति समिक्षा प्रतिवेदनका मुख्य उद्देश्यहरू देहाय बमोजिम छन्ः

क) सरोकारवालाहरूलाई आर्थिक वर्ष २०८०।८१ मा सम्पन्न योजना तथा कार्यहरूको प्रगति, अनुगमन, वित्तिय लगानी, प्रभावको वारेमा जानकारी गराउने ।

ख) पालिकाका विषयगत कार्यालय र गाउँपालिका अन्तर्गत कार्यालयहरूले गरेका अनुकरणीय कामहरूको लेखाजोखा, पारदर्शिता र सिकाई पहिचान गर्ने ।

ग) नौगाड गाउँपालिकाका समस्या तथा चुनौतिहरूको पहिचान र समस्या समाधानका लागि आवश्यक उपायहरूको खोजी गर्ने ।

घ) सरोकारवालाहरूको समन्वयात्मक भूमिकाको खोजी गर्ने ।

ङ) गाउँपालिकामा भएका सम्भाव्यताको खोजी गर्ने ।

च) आगामी आर्थिक वर्षहरूमा कार्य सम्पादनलाई प्रभावकारी आधार तयार गर्ने ।

## ४. सहभागिता

नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दार्चुलाको आयोजनामा सञ्चालित पालिका स्तरीय वार्षिक समिक्षा गोष्ठीमा नौगाड गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, विषयगत शाखाका प्रमुख, वडा सचिव, विभिन्न कार्यालयका प्रमुख, गैरसरकारी संस्थाका प्रमुख तथा कर्मचारीहरू, सञ्चारकर्मीहरू, महिला, दलित, जनजाती प्रतिनिधिहरू, स्थानीय निकायका कर्मचारीहरू र वडा सचिवहरूको सहभागीता रहेको थियो । १७० जना उपस्थित रहेको सहभागीहरूको विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।

## ५. विधिः

वार्षिक समिक्षालाई प्रभावकारी बनाउन निम्न विधि अवलम्बन गरिएको छः-

- पावर प्वाइंट प्रस्तुती
- समुह छलफल
- अन्तरक्रिया
- प्रश्नोत्तर
- प्रगति प्रस्तुति
- सुझाव संकलन

६. सिमाः

आ.व. २०८०।८१ मा नौगाड  गाउँपालिकामा पालिका स्तरीय तथा वडा स्तरीय सञ्चालित आयोजना, कार्यक्रम, क्रियाकलाप वा योजनाहरूको वित्तिय तथा भौतिक प्रगति वार्षिक समिक्षा गोष्ठी तथा कार्यक्रममा प्रस्तुत प्रतिवेदनको आधारमा तयार गरिएको छ । पालिकाको विषयगत शाखाहरूले तयार पारेको आयोजना/कार्यक्रम/क्रियाकलाप/योजनाहरूको वित्तिय र भौत्तिक प्रगतिको आधारमा विश्लेषण तथा विवेचना गरिएको छ ।

७. आर्थिक वर्ष २०८०।०८१ वार्षिक प्रगति तथा उपलब्धिको स्थितिः

यस आ.व. २०८०।८१ मा पालिका तथा वडा स्तरबाट सञ्चालन भएका भौत्तिक क्रियाकलाप र वित्तिय लगानीको प्रतिफलको रूपमा प्राप्त सामाजिक, आर्थिक, सांस्कृतिक र संस्थागत क्षमता विकासमा भएको प्रगतिलाई यस प्रतिवेदनमा समेटने प्रयास गरिएको छ । यसका अतिरिक्त अघिल्लो आर्थिक वर्षमा सम्पन्न भएको वार्षिक समिक्षा गोष्ठी तथा कार्यक्रममा भएका छलफलमा आधारित अनुकरणिय कार्य र पहिचान गरिएका सम्भाव्यताहरू यस प्रतिवेदनमा उल्लेख गरिएको छ । समग्र रूपमा आ.व. २०८०।८१  मा भएका प्रगतिको स्थिति देहाय बमोजिम प्रस्तुत गरिएको छः

८. आर्थिक वर्षको २०८०।०८१ आर्थिक प्रशासन सम्बन्धी प्रगति तथा उपलब्धिः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र अन्य प्रचलित कानुनको अधिनमा रही स्थानीय संचितकोष संचालनमा रहेको हुन्छ ।मुख्यतया संघ तथा प्रदेश सरकारबाट स्थानीय सरकारलाइ समानिकरण अनुदान,शसर्त अनुदान, विषेश अनुदान , समपुरक अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त रकम र पालिकाकै आन्तरिक स्रोतको रकमनै पालिकाको संचित कोषमा आम्दानी हुने गर्दछ ।सो रकम बजेट बनी सभाबाट स्वीकृति भइ योजना तथा कार्यक्रम मार्फत कार्यान्वयनमा जान्छ। ।

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार प्रत्येक आ.व. को साल तमामी पश्चात योजना तथा कार्यक्रमको समग्र आय व्यय वार्षिक समिक्षा गर्नु पर्ने व्यवस्था छ। सोहि अनुरूप आज हामि आ.व. २०८०।८१ मा सम्पन्न गरेका आयोजना, योजना तथा कार्यक्रमहरूको समग्र आय व्यय समिक्षा तथा मूल्यांकन गर्नुपर्ने अवस्थामा छौ।यस समिक्षा प्रतिवेदनले नौगाड गाउँपालिकाको संचितकोषको समग्र आय व्यय स्थितिलाई थप प्रष्टयाउने छ। नौगाड गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को आय तथा व्यय सम्बन्धी विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।


(क) आर्थिक वर्ष २०८०।८१ मा संघीय सरकारबाट प्राप्त हुने अनुदान अनुमान र वास्तविक प्राप्ति रकम

| बजेटको स्रोत/तह | प्राप्तिको स्रोत | अनुमानित आय | आम्दानी रकम | खर्च | फिर्ता गरिएको रकम | बैङ्क मौज्दात रकम |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | समानिकरण अनुदान | १०,२२,००००० | ९,५०,४६००० | ९,४९,२५,९६१ | ० | १,२०,०३९ |
| | शसर्त अनुदान | १६,६१,९३,००० | १६,०१,२१,००० | १५,४५,५७,८७२ | ५५,६३,१२८ | ० |

| बजेटको स्रोत/तह | प्राप्तिको स्रोत | अनुमानित आय | आम्दानी रकम | खर्च | फिर्ता गरिएको रकम | बैङ्क मौज्दात रकम |
|---|---|---|---|---|---|---|
| | विषेश अनुदान | २,००,००,००० | १,९८,३२,८४४ | १,८७,७८,१४२ | १०,५४,७०२ | ० |
| | समपुरक अनुदान | ६०,००,००० | ५९,९४,२२४ | ५९,६६,८५८ | २७,३६६ | ० |
| प्रदेश सरकार | समानिकरण अनुदान | ८६,६०,००० | ८६,६०,००० | ८०,७०,०४१ | ० | ५,८९,९५९ |
| | शसर्त अनुदान | ३९,५०,००० | ३९,५०,००० | ३८,१५,८५५ | १,३४,१४५ | ० |
| | विषेश अनुदान | ७५,००,००० | ७४,९५,३०१ | ७४,५८,७१३ | ३६,५८८ | ० |
| | समपुरक अनुदान | ५०,००००० | ४९,३५,८०१ | ४९,३३,२१२ | २,५८९ | ० |
| | सवारी साधन कर (प्रदेश सरकार) | १४,०१,००० | १३,२४,७५५ | ९,४८,३०२ | ० | ३,७६,४५३ |
| राजश्व बाडफाँड | मु.अ.कर , अन्तशुल्क, रोयल्टि, घरजग्गा रजिष्ट्रेशन दस्तुर (संघिय सरकार) | ८,३४,३६,५०० | ७,२१,८८,९५६ | ७,१९,२६,५४३ | ० | २,६२,४१३ |
| आन्तरिक राजश्व | नगद मौज्दात र यो सालको आन्तरिक आम्दानी | १,३७,००,००० | १,३५,८५,७३५ | १,२१,२७,२३९ | ० | १४,५८,४९६ |
| कूल जम्मा रकम | | ४१,८०,४०,५०० | ३९,३१,३४,६१६ | ३८,३५,०८,७३८ | ६८,१८,५१८ | २८,०७,३६० |
| नोटः आन्तरिक राजश्व तर्फ नगद मैज्दात अनुमान ८७०००००  मा आम्दानी ९९,९६,६०३ र आन्तरिक स्रोतमा अनुमान ५०,००,००० मा आम्दानी रु ३५,८९,१३२ रहेको | | | | | | |


(ख) **<u>पालिको आर्थिक वर्ष २०८०।८१ को अनुमान तथा वास्तविक आय</u>** प्रदेश सरकारबाट प्राप्त हुने अनुदान अनुमान र वास्तविक प्राप्त भएको अनुदान रकम

## कुल अनुमानित आय र वास्तविक  हुन आएको आय रकम




| | कुल आय रकम |
|---|---|
| अनुमानित | ४१८०४०५०० |
| वास्तविक प्राप्त | ३९३१३४६१६ |
| प्राप्त हुन नसकेको रकम | २४९०५८८४ |

(ग) समग्र गाउँपालिकाको चालु, पुँजीगत बजेट विनियोजन र बजेट खर्च देहाय अनुसार प्रस्तुत गरिन्छ ।




| | चालु | पुँजीगत | कुल बजेट |
|---|---|---|---|
| विनियोजन बजेट | ३११०३१५०० | १०७००९००० | ४१८०४०५०० |
| खर्च बजेट | २८६१३०२४७ | ९७३७८४९० | ३८३५०८७३७ |
| खर्च प्रतिशत | ९१.९९ | ९१.०० | ९१.७४ |

(घ) आर्थिक वर्ष २०८०।८१ सम्मको **गाउँ कार्यपालिकाको कोष खाताहरूको विवरणः**


| क्र.सं. | कोष हिसाबको नाम | शुरू मौज्दात | प्राप्त | भुक्तानी | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | स्थानीय तह धरौटी | १,१७,६५,५०५ | ५२,०१,५४३ | ६९,२१,३५९ | १,००,४५,६८९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | खाता | | | | |
| २ | विविध खर्च खाता | ६६,७७,८१८ | ७७,४७,९८५ | १,१४,९३,७१४ | २९,३२,०८९ |
| ३ | स्थानीय विविध कोष खाता | १९,६७,९४७ | ४,३४,४२८ | १४,८५,४४० | ९,१६,९३५ |
| ४ | स्थानीय प्रकोप व्यवस्थापन कोष खाता | १७,६७० | २५,००,००० | २५,०२,३१० | १५,३६० |
| जम्मा रकम | | २,०४,२८,९४० | १,५८,८३,९५६ | २,२४,०२,८२३ | १,३९,१०,०७३ |


(ङ) पालिकाको पछिल्लो ३ आर्थिक वर्षको चालु र पुँजीगत बजेटको अवस्थाः




(च) नौगाड गाउँपालिकाको पछिल्लो ३ आर्थिक वर्षको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन **(Fiduciary Risk Assessment)**



(छ) **नौगाड गाउँपालिकाको पछिल्लो ३ आर्थिक वर्षको बेरुजूको अवस्था**





| | आर्थिक वर्ष २०७७।७८ | आर्थिक वर्ष २०७८।७९ | आर्थिक वर्ष २०७९।८० |
|---|---|---|---|
| बेरुजु प्रतिशत % | ०.६९ | १.२१ | ०.६४ |
| बेरुजु रकम (हजारमा) | ७१०१ | १४७६४ | ६५९३ |

बेरुजु प्रतिशत %    बेरुजु रकम (हजारमा)

(ज) **नौगाड गाउँपालिकाको पछिल्लो आर्थिक वर्ष २२०८०।०८१ को बेरुजूको अवस्था**

**महालेखा परीक्षकको कार्यालयको ६१ औं प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९।८० को बेरुजूको अवस्था**




| | बेरुजु रकम |
|---|---|
| नियमित गर्नु पर्ने | ४२९१०१८ |
| असुलउपर गर्नु पर्ने | २१७४९० |
| प्रमाण कागजात पेश गर्नु पर्ने | २०८५६५३ |
| जम्मा | ६५९४१६१ |

८. आर्थिक वर्ष २०८०।८१ मा भएका क्षेत्रगत प्रगति तथा उपलब्धिः

पालिकाको विषयगत शाखाहरूले तयार पारेको शाखागत वार्षिक कार्य सम्पादन प्रगति प्रतिवेदनको विश्लेषण तथा छलफलको आधारमा गाउँपालिकामा भएका उल्लेखनीय आयोजना/कार्यक्रम/क्रियाकलाप/कार्यहरू देहाय बमोजिम रहेका छन् ।

## क्षेत्रगत कार्य प्रगति तथा उपलब्धिहरुः

क. कृषि, खाद्य सुरक्षा र सिंचाइ क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

आर्थिक वर्ष २०८०।८१ मा पालिका कृषि विकासको क्षेत्रमा भएको प्रगति तथा मुख्य उपलब्धिहरू देहाय अनुसार रहेको छ ।

- नौगाड गाउँपालिकाले नुमना फर्म निर्माण गर्न फर्मलाई अनुदान उपलब्ध गराउने उद्धेश्य बमोजिम सम्पुर्ण रूपले कुखुरा तथा टर्की पालन फर्म भएकाले उक्त फर्मलाई अनुदान सहयोग गरी हाल नमुना फर्मको रूपमा विकास गरिएको छ ।
- रूपमा संचालन भई दैनिक २।३ क्रेट अन्डा तथा मासु उत्पादन भई पन्छि जन्य उत्पादनमा वृद्धि भएको छ ।
- विपन्न एकल महिला हरूलाई निशुल्क कुखुरा चल्ला ४२ जनालाई १२/१२ चल्लाको दरले वितरण गरी व्यवसायिक कुखुरा पालनमा सहयोग तथा जिविकोपार्जमा ठुलो सहयोग पुगेको छ ।
- पशु वस्तुमा छाला सम्बन्धी रोग तथा परजीवीबाट बच्न र उक्त व्यवस्थित पशु बाट संकलित गहुतको प्रयोग गरी तरकारी उत्पादनमा टेवा पुर्याउन यस कार्यक्रमले प्रत्यक्ष सहयोग गर्ने देखिन्छ ।
- भेडाबाख्राहरूमा लाग्ने बाह्य परजिवी जुम्रा उपान्यो किन्ना लगायका हानीकारक परजिवी नियन्त्रण गरी पशु जन्य उत्पादनमा वृद्धि तथा सुधार ल्याउन सहयोग पुगेको छ ।
- कुकुरहरूमा रेविज विरूद्धको खोप लगाइएको हुँदा हाल सम्म उक्त कुकुरहरूमा रेविज रोग नदेखिएको हुदा महामारी बाट बच्न यस कार्यक्रमले ठुलो सहयोग गरेको छ ।
- नौगाड गाउँपालिका क्षेत्र भित्रका पालन गरिएका पशुपन्छि गाइ भैसी भेडा बाख्रा कुकुर तथा कुखुरा लगायत का अन्य पशुपन्छिहरूमा देखिएका सामान्य तथा महामारी रोग नियन्त्रका लागी पशु सेवा प्राविधिकहरू फिल्डमा गइ निशुल्क उपचार गरिएको छ जसले गर्दा पशुपन्छिमा देखिने समस्या कम भई उत्पादनमा वृद्धिमा सहज भएको छ ।
- बेमौसमी तथा मौसमी तरकारी खेती गर्ने कृषकलाई समयमै तरकारीको उन्नत बीउ उपलब्ध गराइ आय आर्जनमा टेवा पुऱ्याउने गरी कार्यक्रम संचालन गरिएको छ।
- स्याउ खेती बगैंचा व्यवस्थापन, उत्पादन प्रविधि तथा रोग कीरा व्यवस्थापन प्रविधी सम्बन्धी कृषकहरूलाई प्रयोगात्मक ज्ञान सिप प्रदान गरिएको छ ।

- ४५ वटा च्याउ उत्पादन प्लास्टिक घरमा  व्यावसायिक च्याउ उत्पादन गर्ने प्रविधि सम्बन्धी सिप विकास  तथा उत्पादनमा बृद्धि उपभोगमा पहुँच तथा जीविकोपार्जनमा सहज भई आर्थिक फाइदा लाभ दिने खाल कार्यक्रम सञ्चालन गरिएको छ ।

- कृषकहरूले उन्नत जातको गुणस्तरीय बिउँ उत्पादन पहुँच तथा वृद्धि गरेको र उक्त बीउलाई व्यवस्थित तरिकाले भण्डारण गर्न बीउ भण्डारण गृह स्थापना भएको छ, जसको कारण आलु बीउ भण्डारण तथा आपूर्तिमा सहज भई आलु उत्पादनमा बृद्धि आई कृषकको जीविकोपार्जनमा सुधारको अवस्था आएको छ।

- आलु पकेट विकास कार्यक्रममा कृषकहरूलाई उन्नत आलु बीउ आलु उत्पादन सम्बन्धी उपकरणहरू तथा औजारहरू उपलब्ध गराउँदा आलु उत्पादनमा बृद्धि भई आय आर्जनमा टेवा पुगेको छ ।

- आर्थिक स्थिति न्यून भएका १० जना एकल महिलाहरूलाई च्याउ खेती, आलु खेती तथा बेमौसमी तरकारी खेती गर्न सीप तथा क्षमता विकास तालिम दिई उनीहरूलाई जीविकोपार्जनमा सहयोग पुगेको छ।

- व्यावसायिक रूपमा टिमुर खेती गर्ने कृषकहरूलाई खाडल तयार गर्न लगाई करिब ५५०० बोट निःशुल्क वितरण गरिएको साथै अमिलो फलफूल ६४६० जति बोट कृषकको मागका आधारमा वडा प्राविधिक मार्फत कृषकहरूलाई उपलब्ध गराइएको छ ।

ख. पशुपंक्षी विकास  क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- व्यावसायिक रुपमा भेडाबाखा पालन गरिरहेका १४५ जना कृषकहरुलाई आबस्यक सामानहरु जस्ता : त्रिपाल, जुत्ता, कैंची, रेनकोट, औषधि लगायत सामग्रिहरू वितरण गरिएको थियो ।
- पालिकामा आर्थिक वर्ष २०८०।८१ देखि कृत्रिम पशु गर्भाधान कार्य सुचारु गरिएको छ ।
- पिपिआर, रेबिज सुई लगायत अन्य आकस्मिक खोप सेवा सञ्चालन तथा सम्पन्न ।
- व्यावसायिक भैसी पालन गरिरहेका ८० जना कृषकहरुलाई खोर गोठ सुधार कार्यक्रम लागु गरिएको ।

## ग. पर्यटन तथा संस्कृति क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

आर्थिक वर्ष २०८०।८१ मा नौगाड गाउँपालिका वडा नं २ मा रहेको छिपुलथान बहुउद्देश्यीय उद्यान सञ्चालन आई जिल्ला भित्र र बाहिरका आन्तरिक पर्यटकहरूका लागि पर्यटकीय गन्तव्यका रूपमा स्थापना भएको ।

## घ. उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

आर्थिक वर्ष २०८०।८१ मा उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धनको क्षेत्रमा भएका मुख्य कार्यहरू देहाय अनुसार रहेका छन् ।

- नौगाड गाउँपालिकाले प्राईभेट रजिष्ट्रेशन ऐन र व्यवसाय दर्ता नविकरण कार्यविधिले गर्दा स्थानीय आन्तरिक राजश्व संकलनमा सहजता भएको छ ।
- नौगाड गाउँपालिकामा व्यवसाय दर्ता ऐन र कार्य विधि तयार पार्दा पालिकाको **आन्तरीक राजश्व** वृद्धिमा सहजता भएको छ ।
- उद्यमीहरू सृजना गर्दा समुदाय उद्यम बिकास समितिका पदाधिकारीहरू वडा कार्यालयहरू तथा अन्य सबै सरोकारवालाहरूको समन्नवयमा कार्यक्रम प्रभावकारी संचालन गरियो ।
- सिस्नो पाउडर सम्बन्धी सिप विकास तालिम सञ्चालन गरी १२ जना महिलाहरूमा सिस्नो पाउडर बनाउन सक्ने क्षमता विकास भएको ।
- ५ जना महिला २ जना पुरूष गरी ७ सात जनालाई कपडा बुनाई सम्बन्धि सिप विकास तालिम दिईएको ।
- ५ जनालाई एक महिने हलुका सवारी चालक सम्बन्धी तालिम दिई सिप प्रदान गरिएको ।
- ११ महिला १ पुरुष गरी १२ जनालाई अचार बनाउन सक्ने सिप प्रदान गरिएको ।
- ७५ जना सम्भाबित लघु उद्यमीहरूलाई सिप बिकास तालिम दिई प्रबिधि हसतान्तरण गरियो ।
- ७ महिला १ पुरुष गरी ८ जनालाई नमकिन बनाउने तालिम प्रदान गरिएको ।
- सृजना र बिकास भएका लघु उद्यमीहरूको ब्यबसाय संचालनको लागि आवश्यक पर्ने लघु कर्जा उपलब्ध गराउनको लागि स्थानीय स्थर सम्म पहुच भएको ऋण लगानि गर्ने सहकारी तथा बित्तिय संस्थामा उद्यमीहरूलाई आबद्धता गर्ने तथा ऋण सहजिकरणमा समन्वय गरीयो ।
- उद्यमीलाई बजारीकरणका विभिन्न व्यवसाय संग सम्बन्धित उद्यमीहरूलाई व्यवसायको अवलोकन भ्रमण को आयोजना गरि व्यावसायिक छलफल तथा अन्तरकृया कार्यक्रम सम्पन्न गरियो ।
- स्थानीय उतपादन बिक्री तथा वितरणमा आवश्यकता अनुसार सहयोग तथा परामर्श गरीयो ।
- व्यवसाय संचालनका लागि ३ वटा समूहलाई आवश्यक प्रविधि हस्तान्तरण गरी सहयोग गरिएको।

- नियमित अनुगमन कार्य र त्यसको पृष्ठपोषणबाट कार्यक्रम थप प्रभावकारी वनाईएको छ ।
- लघु उद्यमीहरूलाई व्यावसायिक परामर्शका माध्यम बाट व्यवसाय तर्फ उत्प्रेरित गरियो ।
- आर्थिक वर्ष २०८०।८१ मा विभिन्न प्रकृतिका ४२ वटा नयाँ व्यवसायहरू दर्ता भएका छन् ।

**ङ. भूमि व्यवस्था, बैंक, वित्तीय तथा सहकारी क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः**

आर्थिक वर्ष २०८०।८१ भूमि व्यवस्था, वित्तीय तथा सहकारी क्षेत्रमा मुख्य कामहरु देहाय अनुसार रहेका छन् ।

- आर्थिक वर्ष २०८०।८१ मा जग्गा वर्गिकरणको कार्य सम्पन्न गरिएको ।
- पालिकाको भू-उपयोग नीति तर्जुमाका लागि मस्यौदा तयार पार्ने कार्य सम्पन्न गरिएको छ ।
- पालिका भित्र सबै सहकारीहरूको क्षमता विकासका लागि सहकारीका पदाधिकारीहरूलाई १ दिने अभिमुखिकरण तालिम प्रदान गरिएको छ ।

**च. श्रम, रोजगारी तथा गरिबी निवारण क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः**

- श्रममूलक आयोजना मार्फत न्यूनतम रोजगारीको सृजना,
- ५२३६ मिटर घोरेटो बाटो निर्माण
- श्रमिकहरुको ज्याला बैंक प्रणाली मार्फत भुक्तान,
- नौगाड गाउँपालिकाको पञ्च वर्षे रोजगार रणनीति निर्माण
- रोजगार सेवा केन्द्र बाट २०८० बैशाख १ गते बाट श्रम स्वीकृति प्रदान हाल सम्म २५ जनालाई श्रम स्वीकृति प्रदान गरिएको,
- बालश्रम सम्बन्धि वडागत अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको ।
- CTEVT (Council for Technical Education and Vocational Training) बाट १७ जनालाई सीप परीक्षणमा सहजिकरण।

**छ. स्वास्थ्य तथा पोषण क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः**

- पालिका स्तरमा स्वास्थ्य संस्थाहरूमा मासिक बैठक स्वास्थ्य कार्यक्रमको डाटा भेरिफिकेशन एवम् गुणस्तर सुधारका लागि अर्ध वार्षिक र वार्षिक समिक्षा गर्ने कार्य सम्पन्न गरिएको छ ।
- महिला स्वास्थ्य स्वयम् सेविका कार्यक्रम (पोषाक, प्रोत्साहन, यातायात खर्च र दिवस मनाउने) सञ्चालन गरिएको छ ।
- स्वास्थ्यकर्मीलाई इम्प्लान्ट सम्बन्धि तालिम सम्पन्न गरिएको छ ।
- पोषण कार्यक्रम, परिवार नियोजन किशोरकिशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गरी सफलताका साथ सम्पन्न गरिएको छ । साथै प्रजनन रूग्णता स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- कोभिड १९ भ्याक्सिनको डिजिटाइजेन QR प्रमाणित गर्ने कार्य स्वास्थ्य शाखाद्वारा गरिएको छ ।

- पूर्ण खोप सुनिश्चितता तथा सुक्ष्म योजना तथा मातृ तथा नवशिशु कार्यक्रम संचालन गरी सम्पन्न
- स्वास्थ्य सूचना तथा IMU सुदृढीकरण कार्यक्रम तथा विद्यालय स्वास्थ्य शिक्षा तथा आमा समूह कार्यक्रम सम्पन्न गरिएको छ ।
- विभिन्न सरूवा रोग नसर्ने रोग जुनोटिक मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ ।
- डेंगु लगायत किटजन्य रोगहरूको नियन्त्रणका लागि डेंगु लगायत किटजन्य रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिएको छ ।
- आखाँ, नाक, कान घाटी तथा मुख स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउन जनचेतना कार्यक्रम सम्पन्न गरिएको छ ।
- Ing. Oxytocin भण्डारणका लागि ILR Refrigerator खरिद तथा जडान कार्य सम्पन्न गरिएको छ।
- आर्थिक वर्ष २०८०।८१ मा पालिकामा १ जना MBBS डाक्टर नियुक्त गरी OPD सेवा संचालन ल्याईएको छ ।
- स्वास्थ्य सेवालाई सुदृढ तथा प्रभावकारी रूपमा प्रवाह गर्न गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा ६५ जना स्वास्थ्य जनशक्तिको रूपमा कर्मचारीको व्यस्थापन गरी सेवा दिईएको छ ।
- ८९ जना विपन्न बिरामीहरूलाई उपचार सहुँलियत नगद वितरण र कार्यविधि भित्र पर्ने दिर्घरोगीलाई मासिक भत्ता वितरण गरिएको छ ।
- आ.व. २०८०।०८१ मा सुत्केरी भएका महिलाहरूका लागि उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन गरिएको मार्फत गर्भवती महिला र सुत्केरी महिलाहरूको पोषण सुरक्षा कार्यक्रम सञ्चालन गरिएको छ।
- संघ/प्रदेश सरकारको सहयोग तथा समन्वयमा अल्ट्रासाउण्ड मेसिन र अक्सिजन सिलेण्डरको जडान तथा व्यवस्थापन कार्य गरिएको छ ।
- नेपाल भारत मैत्री संघको सहयोगमा एम्बुलेन्स सेवा संचालन ल्याईएको छ ।
- पालिका भरीका आमा तथा शिशुको पोषण सुरक्षालाई सुधार ल्याउनका लागि कुल २२८ जना गर्भवती आमाहरूलाई पोषण सुधारका लागि ९०० चल्ला वितरण थियो ।

## ज. शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- बाल विकास कोटा थप गरी पालिका भित्रका विकट बस्ती पूर्व विद्यालय शिक्षाको पहुँच विस्तार गरेको ।
- शिक्षकको दरबन्दी मिलान गरि दरबन्दी कम भएका विद्यालयमा पालिकाबाट शिक्षण सिकाइ सहयोग अनुदान सम्बन्धि कार्यविधि बनाई विद्यालयमा थप दरबन्दी कायम गरी शिक्षक नियुक्त गरिएको छ। साथै विद्यार्थी संख्याका आधारमा विद्यालयहरूमा गाउँपालिकाबाट शिक्षक अनुदान दरबन्दी सिर्जना गरी विद्यालयहरूमा शिक्षाको स्तर सुधार गर्ने गरी व्यवस्था गरिएको छ ।
- शिक्षकहरूको क्षमता अभिबृद्धिका लागि शिक्षकलाई तालिम प्रदान गरिएको छ ।
- विद्यालयको लेखा व्यवस्थापनका लागि काम गर्ने कर्मचारीहरूलाई लेखा व्यवस्थापन सम्बन्धि तालिम दिईएको छ ।

- पालिका भरीका विद्यालयहरूमा शैक्षिक गतिविधिमा एकरूपता ल्याउन शैक्षिक पात्रो बनाई लागु गरिएको छ ।
- विद्यालय स्वस्थ्य तथा पोषण कार्यक्रमलाई तप प्रभावकारी बनाउने प्रयत्न गरिएको ।
- स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइएको ।
- विद्यालयमा शिक्षण सिकाइ कार्यमा सहजीकरण गर्ने उद्देश्यका साथ शिक्षक डायरी छपाई कार्यान्वयनमा ल्याइएको ।
- समय समयमा विद्यालयको सुपरिवेक्षण तथा अनुगमन गरि शिक्षकलाई पेसागत सहयोग उपलब्ध गराइएको छ ।
- सबै सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान सञ्चालन गरिएको छ ।

## झ. खानेपानी, सरसरफाई तथा स्वच्छता क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- ८९७० मिटर मुख्य र ३५० मि. शाखा पाइपलाइन खन्ने पुर्ने कार्य सम्पन्न,१३ वटा इन्टेक,३ वटा वास आउट,१ वटा कत, १ वटा विपिटी, ४ वटा धारा निर्माण मार्फत ८ वटा सामुदियक खानेपानी र १ वटा विद्यालय खानेपानीमा सुधार भई ३०५ घरधुरी र १ वटा विद्यालय (१(५) लाभान्वित भएका ।
- श्री जनहित मावि धुलिगडा वास सुविधामा तीन तारे हुन सफल ।
- १ वटा सुधारिएको घट्ट निर्माण पश्चात ६७ घरधुरी लाभान्वित

## ञ. महिला, बालबालिका तथा लक्षित वर्ग क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरू डाडा नयाँ इन्ट्री, शुद्धीकरण र जिल्ला मै प्रथम पटक फोटो तथा अन्य आवश्यक सम्पूर्ण कागजातहरू अपलोड सहित VERSP-MIS System इन्ट्री गरिएको ।
- सामाजिक सुरक्षा तथा पञ्जीकरण System तथा ऐन, कानुन सम्बन्धी नियमित अपडेट रहनका लागि Facebook Messenger ग्रुप र Viber ग्रुप संचालन गरि सो मार्फत निरन्तर जानकारी दिने गरिएको।
- लैंगिक हिंसा न्यूनिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन भएको ।
- सामाजिक सुरक्षा भत्ता भुक्तानी पूर्ण रूपमा बैंकिङ प्रणाली मार्फत सुचारू गरिएको ।
- व्यक्तिगत घटना दर्ता सप्ताह बैशाख १ देखि ७ गते सम्म सम्पूर्ण वडाहरूमा मनाइएको ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको VPN बाट सामाजिक सुरक्षा तथा अनलाइन घटना दर्ता प्रणालीबारे वडाहरूलाई तालिम दिइ सञ्चालनमा आएको ।
- वडाहरूमा गएर वा Online Remote Access बाट प्राविधिक System तथा अन्य प्रविधि सम्बन्धी सहायता गरिएको।
- आर्थिक वर्ष २०८०।८१ मा वडाहरू १ र २ का वडा कार्यालयहरूमा इन्टरनेट पहुँच स्थापित गरी सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी अनलाईन सम्बन्धी कार्यहरू सम्बन्धित वडाबाटै गर्नेगरी व्यवस्था मिलाइएको छ ।

- बालविवाह न्यूनिकरणका लागि जनचेतना कार्यक्रम ६ वटा वडाहरूमा नै प्रारम्भ भएको ।
- बालमैत्री स्थानीय शासन लागु गरिएको ।
- छुवाछुत मुक्त र विभेद रहित समाज निर्माणमा स्थानीय निकायको सहयोगमा अभियान प्रारम्भ भएको

## ट. युवा तथा खेलकुद क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरी सम्पन्न भएको गरिएको थियो ।
- पालिका स्तरीय क्रिकेट प्रतियोगितामा सहभागी भई पालिकाले चौथो स्थान हासिल गरेको थियो ।
- पालिका स्तरीय विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन गरी सम्पन्न गरिएको छ ।

## ठ. आवास, भवन तथा शहरी विकास क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- आर्थिक वर्ष २०८०।८१ मा नौगाड गाउँपालिकाको आफ्नै प्रशासकिय भवन निर्माण सम्पन्न भई हस्तान्तरण पनि भइसकेको छ।
- नौगाड गाउँपालिका वडा नं १ को कार्यालय भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको।
- नौगाड गाउँपालिका र भारतिय राजदुतावासको संयुक्त लगानी वडा नं १ ईयरकोटस्वास्थ्य चौकी भवन निर्माणको काम सम्पन्न यही असार १३ गते हस्तान्तरण पनि लिसकेका छम।
- नौगाड गाउँपालिकाको विभिन्न विद्यालय हरुमा ७ ओटा खाजाघर निर्माण भएका छन्।
- नौगाड गापाको विभिन्न ३ ओटा विद्यालयका नयाँ भवन निर्माण भएका छन्।
- वडा नं ६ को गडिगाड र वडा नं १ को नागुमा बर्थिङ सेन्टरका लागि भवन निर्माण कार्य सम्पन्न भएको छ।

## ड. सडक, पुल तथा यातायात क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- नौगाड गाउँपालिकाका वडा जोडने गरी सडक निर्माण विस्तारका २०० किमी जती ट्र्याक निर्माण गरिएको।
- सिंचाई कुलोको निर्माण भै १०० हेक्टर जमिन सिंचित भएको ।
- १० वटा RCC पुलको निर्माण भै सञ्चालनमा आएको ।
- नौगाड गाउँपालिकामा आ .व २०७९/८० देखि पालिकागत योजनाहरू श्रम सहकारी मार्फत गर्ने गरेको।
- आर्थिक वर्ष २०८०।८१ मा संचालन भएका पालिकागत र वडागत योजनाहरूको अभिलेखिकरणमा सहज हुने गरी Project Book योजना सम्झौता किताब तयार गरी कार्यान्वयन गरको।
- आर्थिक वर्ष २०८०।८१ मा पालिका भरी ५ वटा RCC पुलको निर्माण भै सञ्चालनमा आएको ।
- आर्थिक वर्ष २०८०।८१ मा पालिकाका विभिन्न स्थानमा ४ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको ।

- पालिका भरी सहज पैदल मार्ग को रूपमा बिस्तारित हुने गरी PCC बाटो करिब ५०० मिटर जति बनाइसकेको।
- भौतिक पुर्वाधार विकास शाखा संग सम्बन्धीत कर्मचारी हरू बिच अभिमुखीकण कार्यशाला गोष्ठी गर्ने गरेको।
- नौगाड गाउँपालिकाको वडा नं. ३ जामिरमा संचालन हुने १० शैय्या अस्पतालको भवन निर्माण कार्य यसै आर्थिक वर्ष २०८०।८१ मा सम्पन्न गरी संचालन हुने चरणमा रहेको ।
- होपरीगाड प्रथम लघु जलविद्युत् आयोजना वर्षौ देखि अलपत्र अवस्था रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याई विद्युत उत्पादन सुचारू भएको।
- नहर मर्मत तथा इन्टेक निर्माण हुन नसकि समय समय विद्युत उत्पादन अवरूद्ध हुने गरेको मौनेखोला लघु जलविद्युतको मर्मत संम्भार र इन्टेक निर्माण कार्य सम्पन्न गरी विद्युत उत्पादनमा आउने अवरोध अधिक रूपमा समाधन भई नियमित रूपमा संचालन हुने अवस्था सिर्जना गरिएको छ ।
- आर्थिक वर्ष ६ वटा स्वास्थ्य संस्था अगाडी र अन्य ४ स्थान गरी पालिका भरीमा १० वटा स्थानमा सौर्य सडक बत्ती जडान गर्ने कार्य सम्पन्न गरिएको छ ।

### ढ. जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा क्षेत्रमा भएको प्रगति तथा उपलब्धि:

- होपरीगाड प्रथम लघु जलविद्युत् आयोजना बेला बेला बाँध बिग्रिने गरेकोमा यस वर्ष पक्की बाँध निर्माण भएको छ।
- आर्थिक वर्ष २०८०।०८१ मा १० ओटा  सौर्य सडक बत्ती जडान गर्ने कार्य सम्पन्न गरिएको छ ।

### ण. सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा भएको प्रगति तथा उपलब्धि:

- आर्थिक वर्ष २०८०।८१ पालिकाको सम्पूर्ण वडाहरूमा अप्टिकल फाइबर इन्टरनेट सेवा पुगेको छ । सबै स्वास्थ्य चौकीहरूमा पनि अप्टिकल फाइबर केवलसहितको इन्टरनेट सेवा पुगेको छ । त्यसै गरी ५ वटा माध्यमिक विद्यालयहरूमा गुणस्तरीय अप्टिकल फाइबर इन्टरनेट सेवा जडान गरी विद्यालयमा सूचना प्रविधि पूर्वाधार विस्तार गरिएको छ ।
- जिल्लामा नै सबै वडामा अप्टिकल फाइबर केवल इन्टरनेट सेवा जडान गर्ने द्रुत गतिको इन्टरनेट सूचना प्रविधि पुऱ्याउने पहिलो पालिका बनेको छ ।

### त. वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण क्षेत्रमा भएको प्रगति तथा उपलब्धि:

- ५ लाख वटा महत्वपूर्ण विरूवा उत्पादन गरी वितरण गरिएको ।
- पालिका भित्र विभिन्न स्थानमा वृक्षारोपण सप्ताह आयोजना गरिएको छ ।
- आर्थिक वर्ष २०८०।८१ मा पालिकाको पर्यटकीय स्थल छिपुलथानमा बृहत वृक्षारोपण सप्ताह आयोजना गरिएको थियो ।

- पालिका भित्र दर्ता भई नियमित रूपमा सञ्चालन रहेका वन संरक्षण तथा उपभोक्ता समितिहरूका पदाधिकारीहरूलाई सामुदायिक वन संरक्षण सम्बन्धी क्षमता अभिबृद्धिका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
- वन उपभोक्ताहरूलाई सचेत जागरूक बनाउन, वन संरक्षणमा पालिकाको भूमिका बृद्धि गर्न वन तथा वातावरण शाखा यस आर्थिक वर्षबाट सुरू भएको छ ।

थ. वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- १९०७५ मिटर मुख्य पाइपलाइन खन्ने पुर्ने कार्य, १ वटा पानी पोखरी (RVT), १ वटा SMT, ९ वटा इन्टेक,२ वटा विपिटि र ५ वटा धारा निर्माण र मर्मत मार्फत ९ वटा सामुदायिक खानेपानी र १ वटा विद्यालय खानेपानीमा सुधार भइ ३६६ घरधुरी लाभान्वित भएको ।
- ७ वटा सुधारिएको घट्ट जडान मार्फत कम्तीमा २०५ घरधुरी लाभान्वित भएका ।
- वृक्षारोपण सप्ताह अभियान सञ्चालन गरी गाउँपालिका वडा नं १,२,३,४,५ र ६ भरी कम्तीमा ५५०० वोट वृक्षारोपण ।
- ४ वटा खा.पा.स योजना उ.स. पदाधिकारी, मर्मत सम्भार कार्याकर्ताको सहभागिता रहेको गाउँपालिका स्तरिय १ वटा योजना सम्भार मर्मत र पानी सुरक्षा योजना सम्वन्धि तालिम सञ्चालन,
- १ वटा सहकारी संस्थाहरको प्रगती समीक्षा र आगामी कार्ययोजना सम्वन्धि तालिम सञ्चालन,
- १ वटा लघु जल विधुत परियोजनाहरूको वर्तमान सञ्चालन अवस्था र आगामी कार्ययोजना सम्वन्धि तालिम आयोजना
- जिल्ला सहकारी संघको आयोजना र सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालययको सहयोगमा यस गाउँपालिकाको समन्वयमा ४ वटा सहकारी संस्थाका प्रवन्धक र सहायह प्रबन्धक ज्यू गरी जम्मा ५ जनालाई COPOMIS सम्बन्धि तालिममा सहभागी गराइए पश्चात समैजी कृषि बहुउद्देश्यिय सहकारी संस्थाले COPOMIS प्रणालीमा रिपोर्टिङ. गर्ने गरेको ।
- नौगाड गाउँपालिकाको वडा नं. २ का कुल १२ वटा स्थानमा ईन्सिनेटर निर्माण गरि स्थानीय घर पसलहरू बाट निस्किने प्लाष्टिकजन्य फोहर संकलन तथा जलाई नस्ट गर्नका लागि सार्वजनिक स्थानहरूमा निर्माण गरि प्रयोगमा ल्याइएको छ ।
- वस्तीमा पोषणको अवस्थामा सुधार ल्याउनका लागि अर्को नमुना कार्यको रूपमा ४० घरधुरीहरूमा सुधारिएको चुलो निर्माणमा सहयोग गरिएको थियो जसमा नेपाल सरकार वहु क्षेत्रीय पोषण कार्यक्रम गाउँपालिका बाट रू ३००००० ।- र जनश्रमदान रू २५८६३४।२० गरि कुल ५५८६३४।२० लागतमा (अक्षरेपी रू पाँच लाख अन्ठाउन्न हजार छ सय चौतीस पैसा बीस मात्र) मा सुधारिएको चुलो निर्माण कार्य सम्पन्न गरियो ।

द. विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ अनुसार यस नौगाड गाउँपालिकामा मनसुनजन्य विपद् बाट प्रभावित भई आ.व. २०७७/०७८ मा सम्झौता भएका पुनर्निर्माण तर्फ १८ घर र १ मर्मत गरी जम्मा १९ घरहरूको निर्माण कार्य सम्पन्न भएको र १८ वटा घरहरूको अन्तिम किस्ता निकासाका लागि जिल्ला प्रशासन कार्यालयलाई आह्वान गरिएको।
- घर निर्माण तर्फ नै आ.व. २०७८/०७९ मा सम्झौता भएका ७ वटा घर पुनर्निर्माण र २ वटा घर मर्मत तर्फ गरी जम्मा ९ वटा घरहरूमध्ये सबै घरहरूको निर्माण कार्य सम्पन्न भई ७ वटा घरको प्रथम किस्ता निकाशा भएको तथा २ वटा घर पुनर्निर्माण तर्फ नै हुनु पर्नेमा मर्मत भएको हुँदा पुनर्निर्माणमा समेट्नका लागि जिल्ला प्रशासन कार्यालय दार्चुलालाई अनुरोध गरिएको।
- आर्थिक सहयोग तथा उपचार खर्चका लागि माग भएका ८९ जना विपन्न बिरामीहरूलाई आर्थिक सहयोग तथा उपचार खर्च उपलब्ध गराइएको
- २०७९ साल भाद्र २५ गते भारी वर्षाका कारण आएको बाढि पहिरो तथा विभिन्न मितिमा भएको मनसुनजन्य विपद् प्रभावितहरूलाई राहत सामग्री तथा नगद, ज्यान गुमाउनेहरूका परिवारलाई क्रियाखर्च, विभिन्न संघ संस्थाहरूको सहयोगमा राहत सामग्री तथा नगद उपलब्ध गराईएको छ ।
- आ.व. २०८०।८१ मा भारी वर्षाका कारण क्षति हुन पुगेका बाटोघाटो/पुलपुलेसा/घट्ट हरूको निर्माण/मर्मत लगायतका कार्यहरू गरिएको छ ।
- २०७९ साल भाद्र २४ गतेको बाढीपहिरोका कारण क्षति भएका (वडा नं १ का १४ वटा घर र वडा नं. २ का १० वटा घर गरी जम्मा २४ वटा घर पुनर्निर्माण र वडा नं. २ का ८ वटा घर प्रवलीकरण/मर्मत) का लागि आवश्यक प्रक्रिया अगाडी बढाईएको छ ।
- नौगाड गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ को दफा ३ बमोजिम आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० मा यस विपद् व्यवस्थापन शाखाबाट ८९ जना विपन्न बिरामीहरूलाई आर्थिक सहायता तथा उपचार खर्च उपलब्ध गराईएको छ ।

ध. स्थानीय नीति, कानून, न्याय तथा सुशासन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- सार्वजनिक जवाफदेहिताको वृद्धी र सञ्चालित योजनाहरूको नागरिक समाज, पत्रकार, राजनैतिक र सरकारी निकायका जिम्मेवार तथा प्रमुखबाट अनुगमन कार्य भएको ।
- सामाजिक परिक्षण, योजनाहरूको सार्वजनिक परीक्षण र त्रैमासिक सार्वजनिक सुनुवाईको अनिवार्यता र प्रारम्भ भएको ।
- गाउँपालिका अन्तर्गत वडा स्तरमा रहेका वडा बस्ती स्तरबाट योजनाको माग तथा प्रस्ताव र सिफारिसको शुरूवात भएको ।
- विभिन्न कोषको स्थापना र सञ्चालन कार्यविधि तयार भै पारित भएको ।
- पालिका तथा मातहतका कार्यालयहरूमा कार्यरत कर्मचारहरूको क्षमता विकास कार्यक्रम भै समिक्षा भएको।

- विभिन्न किसिमका करहरू न्यायिक लगाउन सुरूवात गरएिको
- आर्थिक वर्ष २०८०।८१ मा EFT प्रणालीको शुरूवात गरिएको ।
- सञ्चय कोष, नागरिक लगानी कोष बचत बृद्धि र सावधिक जीवन बिमाका सम्पूर्ण फाँटवारीहरू Online प्रणालीबाट दाखिला तथा पेश गर्ने कार्यको थालनी गरिएको ।
- महालेखा परीक्षकको ५७ औं वार्षिक प्रतिवेदन अनुसार यस गाउँपालिकाको बेरूजु ५.३५ % रहेकोमा सम्परीक्षण मार्फत आर्थिक २०८०।८१ मा बेरूजू १.२१ % मा झार्न सफल भएको ।
- गाउँपालिकाको आधिकारिक website : naugadmun.gov.np समयमा अध्यावधिक गरी सूचना तथा जानकारी सार्वजनिक गरिएको ।
- गाउँपालिकाको आधिकारिक फेसबुक पेज https://www.facebook.com/naugadrm बाट महत्वपूर्ण सूचना तथा जानकारी सार्वजनिक गरिएको ।
- गाउँपालिकाको आधिकारिक ईमेल बाट प्राप्त ईमेलको सम्बन्धित शाखामा समयमा जानकारी गर्ने गरेको।
- भुमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासिको लगत संकलन गरी राष्ट्रिय भूमि आयोगले सञ्चालनमा ल्याएको अनलाईन पोर्टलमा विभिन्न वडाहरूबाट उपलब्ध अव्यवस्थित बसोवासिका फाराम पर्विष्ट गरीएको । ( अहिले सम्म वडा नं. १, ३ र ६ का जम्मा १२८ व्यक्तिलाई निस्सा वितरण भईसकेको र बाँकि वडा नं. ३, ५ र ६ का ६३ व्यक्तिहरूको निस्सा वितरण गर्ने चरणमा पुगेको) ।
- मिति २०७९ मंसिर ४ गते सम्पन्न प्रदेश तथा संघिय निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय दार्चुलाबाट सञ्चालित मतदाता शिक्षा कार्यक्रमलाई नौगाड गाउँपालिकाका ६ वटै वडाहरूमा १- १ जना मतदाता शिक्षा स्वयमंसेवक छनौट गरि उक्त कार्यक्रम सञ्चालन गरिएको ।

**आ.व. २०८०।८१ सम्ममा गाउँसभा तथा गाउँ कार्यपालिकाबाट पारित भई जारी भएका ऐन, कानुन, नियमावली तथा कार्यविधिहरूको विवरण देहाय अनुसार उल्लेख गरिएको छ।**

- सार्वजिनक खरिद नियमावली, २०७९, नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०७९
- गाउँपालिका शिक्षण सिकाई अनुदान कोटामा शिक्षक नियुक्ती सम्बन्धी कार्यविधि, २०७९
- नौगाड गाउँपालिका करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९
- स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७९
- नौगाड गाउँपालिका हेवि यान्त्रिय उपकरण सञ्चालन कार्यविधि, २०७९
- नौगाड गाउँपालिकाको श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७९
- नौगाड गाउँपालिका बजार व्यवस्थापन तथा अनुगमन कार्यविधि, २०७९
- नौगाड गाउँपालिका अविवाहित महिला तथा एकल पुरूष भत्ता वितरण सम्बन्धि कार्यविधि, २०७९
- नौगाड गाउँपालिका को "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७९"
- नौगाड गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्वन ऐन, २०७९
- उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९
- नौगाड गाउँपालिका आपतकालीन कार्यसञ्चालन विधि, २०७९
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०७९

- नौगाड गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७९
- सीप विकास तालिम केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९
- नौगाड गाउँपालिकाको "आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्न बनेको ऐन, २०७९
- नौगाड गाउँपालिका शिक्षा ऐन, २०७९
- नौगाड गाउँपालिका प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७९
- साना तथा लघु जलविद्युत परियोजना नियमन, सञ्चालन तथा व्यवस्थापन ऐन २०७९
- आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०"
- आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०
- नौगाड गाउँपालिका करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०
- नौगाड गाउँपालिकाको वनको दिगो व्यवस्थापन सम्बन्धी व्यवस्था गर्न बनेको वन ऐन, २०८०
- छिपुलथान विविधता उद्यान (डाइभर्सिटी पार्क) सञ्चालन कार्यविधि, २०८१"
- गुनासो तथा सुझाव ब्यवस्थापन कार्यविधि,२०८१"
- आर्थिक ऐन, २०८१
- नौगाड गाउँपालिका, दार्चुलाको विनियोजन ऐन, २०८१
- "आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०"
- "आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"
- "नौगाड गाउँपालिका करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०"
- "नौगाड गाउँपालिकाको वनको दिगो व्यवस्थापन सम्बन्धी व्यवस्था गर्न बनेको वन ऐन, २०८०"
- "छिपुलथान विविधता उद्यान (डाइभर्सिटी पार्क) सञ्चालन कार्यविधि, २०८१"
- "गुनासो तथा सुझाव ब्यवस्थापन कार्यविधि,२०८१"
- "आर्थिक ऐन, २०८१"
- "नौगाड गाउँपालिका, दार्चुलाको विनियोजन ऐन, २०८१"

**न. संगठन, मानव संशाधन र सेवा प्रवाह क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः**

- कार्यालयमा स्थापित सूचना प्रविधिका पूर्वाधार, उपकरणहरुको व्यवस्थापन र नियमित गर्ने काम ।
- गाउँपालिकाको website तथा software systems को नियमिति सञ्चालन र अध्यावधिक गर्ने ।
- संघिय तथा प्रादेशिक सरकारले माग गरेका सूचना, तथ्याङ्क तथा विवरण पदाधिकारी तथा कर्मचारीहरुको समन्वयमा अध्यावधिक विवरण समयमा उपलव्ध गराउने ।
- सूचना तथा संचार प्रविधिसंग सम्बन्धित राष्ट्रिय नीतिहरुको अध्ययन, नविन सोच र अनुप्रयोगहरुको खोज गर्ने र स्थानीय आवश्यकता अनुसार स्थानीकर गर्न सहयोग गर्ने ।
- सूचना केन्द्रहरुको स्थापना र संचालनमा सहयोग गर्ने ।
- कानून वमोजिम सार्वजनिक गर्नुपर्ने (Open Data) आवश्यक विवरण संकलन र अध्यावधिक गरि गाउँपालिकाको Website लगायत उपयुक्त माध्यमबाट सार्बजनिक रुपमा संप्रेषण गर्ने ।
- स्थानीय तहमा भएका असल अभ्यास तथा सूचनालाई नियमित र व्यवस्थित तरिकाले प्रकाशित गर्ने ।
- गाउँपालिकाको Website : www. naugadmun.gov.np नियमित सञ्चालन र अध्यावधिक गर्ने काम ।

- ❖ गाउँपालिकाको आधिकारिक फेसबुक पेज https://www.facebook.com/naugadrm बाट महत्त्वपूर्ण सूचना तथा जानकारी सार्वजनिक गरिएको ।
- ❖ गाउँपालिकाको आधिकारिक ईमेल बाट प्राप्त ईमेलको सम्बन्धित पदाधिकारी तथा शाखामा समयमा जानकारी गर्ने गरेको।
- ❖ गाउँपालिकाका सम्पूर्ण वडा कार्यालयहरुमा ईन्टरनेट सेवा जडान ।
- ❖ गाउँसभा तथा गाउँकार्यपालिकाले समय समयमा जारीगरेका कानुनहरु राजपत्रमा प्रकाशित गरी Website मार्फत पनि सार्वजनिक गरिएको ।
- ❖ गाउँपालिकाका कर्मचारीहरुका लागि सूचना प्रविधि सम्बन्धि अभिमुखिकरण कार्यक्रम ।
- ❖ विभिन्न निकायवाट माग भएका अद्यावधिक विवरणहरू पेश गर्ने काम ।

न. राजस्व तथा स्रोत परिचालन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- ❖ आर्थिक वर्ष २०८०।८१ बाट सबै वडाहरूबाट विद्युतीय माध्यमबाट राजस्व सङ्कलन गर्ने कार्यको थालन गरिएको छ । SUTRA राजस्व Module पालिका भित्र सञ्चालनमा ल्याई विद्युतिय माध्यमबाट राजस्व लेखाङ्कन कार्य सञ्चालन गरिएको छ ।

प. तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन क्षेत्रमा भएको प्रगति तथा उपलब्धिः

- ❖ आर्थिक वर्ष २०८०।८१ मा विकास कार्यक्रम सञ्चालन गर्ने संस्था, उपभोक्ता समिति, श्रम सहकारी क्षमताका विकासका लागि अभिमुखिकरण तालिम सञ्चालनमा सम्पन्न गरिएको छ । भने पालिका भित्र सञ्चालन हुने पालिकागत ठुला आयोजना समयमा नै सम्पन्न गर्न निर्माण कम्पनीहरूसँग सहजीकरण तथा समन्वय गोष्ठी आयोजना गरिएको छ ।

## ९. पालिकामा विकासका सम्भावनाहरुः

पालिका विकास समितिको अध्ययन र वार्षिक समिक्षा गोष्ठीमा सरोकारवालाहरूसंग छलफल गर्दा नौगाड गाउँपालिकाको समग्र विकासका लागि निम्न सम्भावना रहेको पाइयो ।

- छिपुलथान डाइभर्सिटी पार्क व्यवस्थित रुपमा त्यसको दिगो सञ्चालन मार्फत पालिका भित्र आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने ।
- पर्यटनको प्रवद्र्धनबाट स्थानीय स्तर तथा समग्र नौगाड गाउँपालिकाको आर्थिक वृद्धीमा टेवा पुग्न सक्ने।
- नौगाड वासीहरू अत्यन्त मेहनती र परिश्रम गर्ने भएकोले वैदेशिक रोजगारीमा जाने जनशक्तिलाई पालिका भित्रै सिपमुलक र व्यावसायिक तालिम दिई रोजगार सृजना गर्न सकिने ।
- सामुदायिक संस्थामा भएका घुम्तीकोषको प्रभावकारी सञ्चालन र व्यवस्थापनबाट स्थानीय महिला तथा कृषि सहकारीको विकास गरी लघु उद्यम सञ्चालनमा लगानी वृद्धि गर्न सकिने ।

- स्थानीय परम्परागत व्यवसायहरूमा युवाहरूको आकर्षण गर्न नविनतम प्रविधियुक्त बनाई संचालन तथा प्रवर्द्धन गर्न सकेमा युवा बेरोजगारीलाई न्यूनीकरण गरी युवाहरूलाई स्वरोजगार बनाउन सकिने ।

## १०. चुनौति तथा सिकाईः

- कुनै पनि योजना निर्माण सम्पन्न भइसके पछि त्यसको उचित संरक्षण हुन नसक्दा समय भन्दा पहिला नै मर्मत गर्नु पर्ने अवस्था आउने गरेको।
- गत बर्ष देखि संघ र प्रदेश समानिकरण अन्तरर्गतको निकासा समेत कम आउदा योजना कार्यान्वयनमा अलमल हुने गरेको ।
- विगतमा बनेका सडकमा ग्रेड र घुम्तीहरूको एलाइगमेन्ट नमिल्दा सडक निर्माण गर्दा ट्रेक (दिशा) नै परिवर्तन गर्नु पर्दा गाउँपालिका लाई थप व्यय भार पर्ने गरेको ।
- स्थानिय सरकारले बनाएका संरचनाहरू प्रदेश र संघ बाट ठूला योजना निर्माणको क्रम क्षति भई पुनःनिर्माण गर्न पालिकाको स्रोत माथि थप चाप पर्ने र जसले स्थानीय बासिन्दालाई असहजता हुने गरेको ।
- आम जनमानसमा जनचेतनाको कमि हुदाँ वतावरण प्रतिकुल पर्ने योजना पनि माग गर्ने गरेका जस्तै पहिरो जान सक्ने ठाउँमा सडक
- पालिका भरीमा प्रायजसो घरधुरीहरूमा पशु चौपाया राख्ने गोठ अलगै नहुदाँ सरसफाइमा अझै चुनौती देखिएको छ ।
- घर परिवारमा अझै पनि घर आँगन सरसफाइ, चाङ जुठ्यान करेसाबारीमा सुधार हुन सकेको छैन।
- स्थानीय बजार तथा घरहरूमा समेत प्लाष्टिकजन्य फोहर यत्रतत्र फाल्ने गरिएको र बालबालिका र आमा हरूमा समेत पत्रु खानाको प्रयोग गर्ने गरिएको ।
- अधिकांश घरहरूमा शौचालयहरूको हैसियत सुधार गर्नु पर्ने भएको पाईएको छ । जस्तै ढोका र छाना भत्किन लागेको र सफा नभएको ।
- प्लाष्टिकजन्य फोहोरको उचित व्यवस्थापन नहुँदा पालिका भरी प्लाष्टिकजन्य फोहोर व्यवस्थापनमा थप चुनौती थपेको छ ।
- पोषणका क्रियाकलापहरू लाई विद्यालय खानेपानी स्वच्छता र सरसफाइमा पनि जोड दिनु पर्ने । समन्वयात्मक रूपमा पोषण योजना तर्जुमा गर्दा दोहोरोपना नहुने र लक्ष्य हासिल हुने श्रोतको सदुपयोग हुने।
- महिला तथा बालबालिकाको पोषण अवस्था सुधारका लागि प्रदेश तथा स्थानीय तहले आन्तरिक श्रोतका साथै उपलब्ध अनुदानको निश्चित प्रतिशत (कम्तीमा १५ प्रतिशत) रकम लगानी गर्नुपर्ने ।
- वास्तविक बेरोजगारको पहिचानमा कठिनाई,
- सबै सुचिकृत बेरोजगारलाई रोजगारमा खटाउनमा कठिनाई,
- श्रमिक र भुगोल मिलाउनमा समस्या,
- प्राथमिकता क्रम सूची महिला संख्या अधिक हुने भएकाले कामको गुणस्तर र परिमाण प्राप्त गर्न कठिनाई,
- सट्टामा काम गराउन खोज्ने प्रवृतिले बिमा दाविमा समस्या हुने।
- आफु रोजगारीमा परे ठिन तत्र विरोध गर्ने समस्या

## ११. सुझाव तथा निष्कर्ष

- बेरोजगार र दक्ष जनशक्तिबीचको अन्तर कम गर्नुपर्ने ।
- मासिक रूपमा समन्वय बैठक सञ्चालन गर्नुपर्ने ।
- विषयगत शाखाले कार्यक्रमको प्रतिवेदन प्रस्तुत गर्नुपर्ने ।
- वार्षिक समिक्षामा हरेक सरकारी निकायले उल्लेखनीय रूपमा गरेका कार्य वारे जानकारी गराउने ।
- लक्षित समुह केन्द्रित बजेटको विनियोजन र खर्च कार्यक्रम अनुसार गर्नुपर्ने ।
- गाउँपालिकामा सञ्चालित कार्यक्रमको प्रभावकारी अनुगमन हुनुपर्ने ।
- विकास निर्माणका कार्यक्रमहरूमा दोहोरोपना आउन नदिन गाउँ कार्यपालिकाले प्रदेश र संघीय सरकारसँग समन्वय गर्नुपर्ने ।
- महिला, युवा, बालबालिका, दलितहरूको सहभागीता भए पनि अझ उल्लेख्य सहभागितामा ध्यान दिनुपर्ने।
- पर्यटकीय विकासमा जोड दिई स्थानीयहरूको आय आर्जन बृद्धि गर्नुपर्ने ।
- वित्तिय संस्थाहरूको समिक्षा गोष्ठीमा सहभागिता र स्थिति प्रतिवेदन प्रस्तुत गर्नुपर्ने ।
- सञ्चार क्षेत्र र दुर सञ्चारको अवस्थाको वारेमा सरोकारवालाले जानकारी पाउनु पर्ने ।
- समूहमा वित्तिय कारोबार गर्दा पालिका प्रशासनसंग समन्वय गर्नुपर्ने ।
- माडीखोला पुल निर्माणका लागि सम्बन्धित निकायमा पहल गरी संभावित विपद न्यूनिकरण गर्नुपर्ने ।
- ५० लाख भन्दा ठूला आयोजनाहरूको प्रभाव मूल्यांकन हुनुपर्ने ।
- वडा तहमा सामाजिक परिक्षण, सार्वजनिक लेखापरिक्षण र सार्वजनिक सुनुवाई अनिवार्य रूपले सञ्चालन गर्नुपर्ने।

## वार्षिक समिक्षा कार्यक्रम उपस्थिति तथा निर्णय

DATE……………………

आज मिति २०८१।४।२५ गतेका दिन यस नौगाड गाउँपालिका को आर्थिक वर्ष २०८०।०८१ को चौथो त्रैमासिक सार्वजनिक सुनवाइ तथा वार्षिक प्रगति समिक्षा कार्यक्रम नौगाड गा.पा. अध्यक्ष श्री दलजित सिंह धामी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा संचालन भइ सम्पन्न गरियो,

उपस्थिती

| हस्ताक्षर | क्र.सं. | नामथर | पद / हैसियत |
|---|---|---|---|
| [signature] | १- | श्री दलजीत सिंह धामी | गा.पा. अध्यक्ष |
| [signature] | २- | श्री पुष्कर सिंह धामी | प्रमुख प्रशासकीय अधिकृत |
| [signature] | ३- | श्री राजेन्द्र सिंह बोहरा | प्रवक्ता एवं वडा नं ३ अध्यक्ष |
| [signature] | ४- | श्री हरिलाल सिंह महता | वडा नं-१ वडाअध्यक्ष |
| [signature] | ५- | श्री शेरसिंह ठगुन्ना | वडा नं-२ " " |
| [signature] | ६- | श्री राम सिंह धामी | वडा नं-५ " " |
| गणेश | ७- | श्री गणेश हमरा | गा.पा. सदस्य |
| चन्द्रा | ८- | श्री चन्द्रा हमरा | " " |
| नरमा | ९- | श्री नरमा धामी | " " |
| सुकमति | १०- | श्री सुकमती ठगुन्ना | " " |
| [signature] | ११- | श्री लोकेश सिंह ठगुन्ना | योजना शाखा |
| | १२- | श्री प्रितम सिंह ठगुन्ना | स्वास्थ्य संयोजक |
| [signature] | १३- | श्री प्रताप सिंह बिष्ट | |
| [signature] | १४- | श्री प्रेम सिंह धामी | नेपाली कांग्रेस |
| [signature] | | श्री ज्ञान सिंह बडाल | नेकपा एमाले |
| [signature] | १५- | धनिराम सिंह ठगुन्ना | नेकपा माओवादी केन्द्र |
| [signature] | १६- | श्री हिकमत सिंह ठगुन्ना | रास्व पा. |
| | १७- | | |
| [signature] | १८- | श्री जय सिंह धामी | राप्र पा. |
| [signature] | १९- | श्री विरबहादुर ठगुन्ना | एकिकृत समाजवादी |
| गौरा | 20- | गौरा ठगुन्ना | |
| [signature] | 21- | किसन सिंह ठगुन्ना | |
| [signature] | 22- | नबहादुर तमता | उत्पीडित |
| [signature] | 23- | समार सिंह ठगुन्ना | पूर्व वडा अध्यक्ष |
| [signature] | 24- | श्री नन्दु धामी | स्वास्थ्य संयोजक |
| उर्मिला | 25- | श्री उर्मिला हमल | |
| मोती | 26- | मोती महता | |
| [signature] | 27- | नविन ठगुन्ना | (समाज कल्याण समाज) |
| [signature] | 28- | जान सिंह धामी | |

DATE.....................

२९- आमा ठगुन्ना
३० जय सिंह धामी
३१ खड्क सिंह ठगुन्ना
३२ राम सिंह ठगुन्ना
३३ रतन सिंह ठगुन्ना
३४ किशन सिंह ठगुन्ना (वडा नं ५ सदस्य)
३५ ~~बहादुर ठगुन्ना~~
३६ ~~[illegible]~~
३७ बहादुर ठगुन्ना
३८ इन्द्र सिंह धामी
३९ कुन्ता तमता वडा सदस्य
४० कुसुम तमता " "
४१ परमती तमता
४२ राजु बहादुर धामी
४३ पवन सिंह ठगुन्ना
४४ जिन्धारा बोहरा
४५ ललित सिंह सितौला वडा सदस्य
४६ दुर्गा सिंह ठगुन्ना
४७ गोपाल सिंह ठगुन्ना
४८ लक्ष्मण सिंह धामी
४९ गणेश सिंह ठगुन्ना (ईडकल)
५० मान सिंह धामी वडा सदस्य
५१ चन्द्र राम तमता (प्र.अ.)
५२ बिर सिंह ठगुन्ना
५३ बिरसन सिंह धामी
५४ रामचन्द्र तमता शि.ई.स
५५ राम सिंह तमता
५६ हरिसिंह रैसी
५७ - कालु राम तमता
५८ हरक सिंह ठगुन्ना
५९ प्रताप सिंह धामी
६० लाल सिंह धामी
६१ नरबहादुर धामी
६२ - रघुबिर सिंह बडाल
६३ - धान सिंह धामी

DATE......................

६६ - हरिमान ठगुन्ना
६७ - कवे धामी
६८ - राजेन्द्र धामी
६७ - रायमान सिंह ठगुन्ना
६८ - पदे ठगुन्ना
६९ - शेर सिंह धामी
७० - लाल सिंह ठगुन्ना
७१ - सन्तोष सिंह ठगुन्ना (डं. वि.से.)
७२ - डबल सिंह धामी (शिक्षक. भवानी. आ.वि.)
७३ - मगन सिंह ठगुन्ना (विषय विशेषज्ञ)
७४ - बसन्त सिंह ठगुन्ना (प्र.जीवन)
७५ शैलेन्द्र सिंह ठगुन्ना (रोजगार सेवा केन्द्र)
७६ पदम सिंह ठगुन्ना (लि. आ. हेल्थ सर्भे)
७७ विरेन्द्र सिंह ठगुन्ना (स्व. रोजगार)
७८ रघुबिर सिंह ठगुन्ना (स्वा. स्वा. के. प्र.)
७९ कमल सिंह ठगुन्ना (प्राविधिक सहायक)
८० अर्जुन धामी (रवानेपानी ...)
८१ प्रतापसिंह ठगुन्ना
८२ संगीता ठगुन्ना
८३ छत्रि सिंह ठगुन्ना
८४ हरक सिंह धामी वडा सदस्य
८५ हरक सिंह महता वडा सचिव वा.नं. १
८६ राम सिंह ठगुन्ना प्र.अ. आ.वि. धारेल्या
८७ दिवान धामी
८८ किशन सिंह ठगुन्ना (समाजसेवी)
८९ राय सिंह ठगुन्ना
९० कल्याण सिंह ठगुन्ना
९१ जनीराम धामी
९२ जगत सिंह ठगुन्ना वडा ने. ४ शि०
९३ रविन्द्र सिंह ठगुन्ना नौ.पा. (वन प्राविधिक)
९४ नर बहादुर ठगुन्ना
९५ राजीव अवस्थी स्वा. अ.
९६ - मन्जु धामी
९७ अन्जु धामी
९८ नरेन्द्र सिंह ठगुन्ना, प्रो. को.

DATE....................

९९ प्रयाग सिंह धामी

१०० प्रेम सिंह ठगुन्ना (पशु प्राविधिक वडा नं ६)

१०१ अविनाश सिंह ठगुन्ना

१०२ चन्द्र सिंह बोहरा

१०३ कमल राज पन्त (जि.वि.प.वि. अध्यक्ष)

१०४ तिलक प्र० पपाई (स्वा. स्वा. चौ.)

१०५ चन्द्र सिंह ठगुन्ना (योजना प्राविधिक)

१०६ रतन सिंह ठगुन्ना (उद्योग तथा उपभोक्ता सचिव)

१०७ प्रेम राज, भण्डारी (मामले इ०)

१०८ प्रदिप सिंह ठगुन्ना (प. शाखा)

१०९ मनसा ठगुन्ना (महिला विकास शाखा)

११० अलका ठगुन्ना (पोषण स्वयंसेवक)

१११ बहादुर सिंह ठगुन्ना (कार्यकर्ता)

११२ गोपाल सिंह ठगुन्ना (आ.प्र.-भण्डार)

११३ बिरेन्द्र सिंह ठगुन्ना (जगन्नाथ नि. बुलिगड)

११४ ऊषा ठगुन्ना वडा सदस्य ६ नं वडा

११५ विरेन्द्र प्रसाद जोशी वडा सचिव ६ नं. वडा

११६) खड्क सिंह बोहरा (वडा सचिव, ३ नं वडा कार्यालय)

११७) प्रताप सिंह ठगुन्ना प्र.अ. मा.वि. धौडगाउँ

११८) सुरेन्द्र सिंह ठगुन्ना प्र०अ० गणेश आ०वि०

११९ देव बहादुर बोहरा लेखापाल गा.पा.

१२० हनुमान सिंह ठगुन्ना (ऊर्जा प्रशासक)

१२१. दिपेन्द्र सार्की प्रा०स० कृषि शाखा

१२२. गगन बहादुर धामी (सिलाई कटाई)

१२३. मुकुन्द सिंह ठगुन्ना (प्रा०सहा०)

१२४ रमेश सिंह ठगुन्ना (पशु सेवा शाखा)

१२५ नविन सिंह ठगुन्ना (भौतिक शाखा)

१२६ कृष्ण राज ओझा पञ्चायत की होपा

१२७ हिरालाल सिंह बोहरा (प्रशासन आदि)

१२८ कल्पना धामी (मं. सहा. कार्यक्रम)

१२९ प्रकाश सिंह धामी (कृषि प्राविधिक)

१३० मदन सिंह ठगुन्ना (अ.हे.व. कुमारथ)

१३१ उज्ज्वल सिंह ठगुन्ना वडा सचिव

१३२ मंगल राम आयर (इलाका नी.प्रा.म)

१३३ — जगत सिंह ठगुन्ना

DATE....................

गौरी १३४ गौरी कार्की थापा उ.प

१३५ नागेन्द्र राम रमरा शिक्षक मालीकार्जुन आ.वि

१३६ विमल सिंह थापा

१३७ देवराज टमटा

१३८ पुजा रवत/रावत रोजगार सहायक

१३९ जौना रमरा प्रशासन चौकीसहायक

जानकी १४० जानकी टमटा स्विपर

१४१ सेविका पहलो

१४२ विर बहादुर थापा

१४३ ललित सिंह थापा का.स.

गोविन्द १४४ गोविन्द सिंह थापा

१४५ रविन्द्र शाह (रोजगार संयोजक)

जयमान १४६ जयमान सिंह थापा अडुवा

सेविका १४७ सेविका टमटा

# वार्षिक समिक्षा कार्यक्रमका फोटोहरू








# वार्षिक समिक्षा कार्यक्रमका फोटोहरू







